सिकाइ क्षेत्रः
हाम्रो परिवेश र नागरिक चेतना

# स्थानीय सम्पदा र राष्ट्रिय विभूतिहरू



## तह १

**नेपाल सरकार**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवश्रोत विकास केन्द्र

# हाम्रो भनाइ

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने  सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तो किएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान तथा हाम्रो परिवेश तथा नागरिक चेतना गरी तीनओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी  विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

**सानोठिमी, भक्तपुर**

## परिचय

हामी हाम्रो स्थानीय तहको कुनै वडा र त्यस वडाभित्रको समुदायमा बस्छौँ । हाम्रो वडा वा समुदायभित्र  प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरू हुन्छन् । ती सम्पदाहरूको उचित संरक्षण, प्रवर्धन उपयोग हुन सकेमा  समुदायमा रहेका जनताहरूको जीवनस्तर माथि उठ्न सक्छ । त्यसैगरी हाम्रो स्थानीय तह, वडा र समुदायमा रहनुभएका ऐतिहासिक व्यक्तित्वहरूको पहिचान गर्नुपर्दछ । वडा वा समुदायको अवस्थामा सुधार गर्न उहाँहरूले गरेका कार्य वा योगदानहरू उल्लेख गर्नपर्छ। ती कार्यहरूबाट स्थानीय तह वा समुदायमा कस्तो सुविधा हुन गयो भन्ने लेखाजोखा गर्नुपर्छ ।

यस सिकाइ सामग्रीमा स्थानीय तहका साथै राष्ट्रियस्तरमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिह(रूको बारेमा चर्चा गरिने छ। कुनै न कुनै कार्यबाट राष्ट्रहितका लागि योगदान गरेर विश्वमा आफ्नो देशको नाम चिनाउन सफल व्यक्तिहरूलाई राष्ट्रिय विभूति भनिन्छ। उनीहरूको परिचय, उनीहरूले गरेका असल कार्य वा योगदानहरू र  ती कार्यहरूबाट हामीले के कस्तो प्रेरणा पायौँ भन्ने बारे यहाँ चर्चा हुने छ ।

## सक्षमता

- ऐतिहासिक महत्त्वका स्थानीय सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै राष्ट्रिय विभूति र घटनाहरूले राष्ट्र निर्माणमा पुऱ्याएका योगदानको पहिचान र बोध

## सिकाइ उपलब्धि

१. छरछिमेकको सहभागितामा निर्मित सामाजिक तथा स्रोत नक्सामा किटान भएका ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक स्रोत-साधन वा सम्पदाको अवस्था र समस्या अभिव्यक्त गर्न ।

२. स्थानीय तहमा उल्लेखनीय योगदान पुऱ्याएका ऐतिहासिक व्यक्तित्वहरू, घटनाहरू र योगदानका प्रभाव उल्लेख गर्न ।

३. हाम्रा राष्ट्रिय विभूतिहरूले राष्ट्र निर्माणमा पुऱ्याएको योगदान र प्राप्त हुने प्रेरणा बारे उल्लेख गर्न ।

## पाठहरू

यस मोडुलमा निम्नलिखित पाठहरू समावेश भएका छन् :

पाठ १ : हाम्रो वडाका सम्पदाहरू

पाठ २ : हाम्रो स्थानीय तहका ऐतिहासिक व्यक्तित्वहरू

पाठ ३ : हाम्रा राष्ट्रिय विभूतिहरू (खण्ड–क)

पाठ ४ : हाम्रा राष्ट्रिय विभूतिहरू (खण्ड–ख)

## पूर्व सिकाई परिक्षण

यो मोडयुल अध्ययन गर्नुअघि हामीलाई यस मोडयुलका पाठहरूमा समावेश भएका विषयवस्तु सम्बन्धमा के कति जानकारी रहेछ विचार गरौँ । यसका लागि तल दिइएका केही प्रश्नहरूको जवाफ दिने प्रयास गरौँ है त ।

**तलका प्रश्नहरूको छोटो जवाफ दिनुहोस् ।**

१. स्थानीय तहलाई वडा वडामा किन बाँडिएको होला ?

.................................................................................

२. वडाको  सन्तुलित विकास गर्न स्रोत नक्सा किन आवश्यक छ ?

...........................................................................

३. स्रोत नक्सा निर्माण गर्दा किन स्थानीयहरूको बढीभन्दा बढी संलग्नता आवश्यक छ ?

.......................................................................

४. कस्ता व्यक्तिहरूलाई स्थानीय तहमा विशेष योगदान गर्ने व्यक्ति भन्ने गरिन्छ ?

.........................................................................................................

५. विशेष योगदान गर्ने व्यक्तिहरूले स्थानीय तहमा खासगरी केकस्ता क्षेत्रमा कार्यहरू गरेका  हुन्छन् ?

......................................................................

६. तपाईंको समुदायमा पनि योगदान पुऱ्याउने व्यक्तिहरूको सम्झना छ भने तीन जनासम्मको नाम उल्लेख गर्नुहोस् ।

१. .................   ३. ...................   २. ......................

७. राष्ट्रिय विभुति राम शाहको मुख्य योगदान के हो ?

......................................................................

८. गौतम बुद्ध किन राष्ट्रिय विभुति भए ?

.................................................................

९. मोतीराम भट्टलाई कुन योगदानका लागि राष्ट्रिय विभुति घोषणा गरियो ?

.......................................................................

.............................................................................

१०. पछिल्लो पटक राष्ट्रिय विभुति हुने को थिए र किन ?

............................................................................

**तल दिइएका मध्ये उपयुक्त विकल्प छनोट गनुहोस् बहुवैकल्पिक प्रश्नहरू**

**१. स्रोत नक्सा भन्नाले के बुझिन्छ ?**

क. विकासका लागि स्रोतसाधन र आवश्यकता पहिचान गर्ने नक्सा

ख. स्रोतको आँकलन गरी बजेट तयार गर्ने नक्सा

ग. भुगोल र स्रोतको जानकारी दिने नक्सा

घ. अक्षांस र देशान्तरको स्रोत उल्लेख गर्ने नक्सा

**२. सम्पदा भन्नाले तलका मध्ये केलाई जनाउँछ ?**

क. वडाको जम्मा चल अचल सम्पत्ति

ख. वडाको बजार क्षेत्र

ग. वडाको वार्षिक बजेट

घ. वडाका प्राकृतिक, धार्मिक र साँस्कृतिक पक्षहरू

**३. वडाको स्रोत नक्सा कसरी तयार गर्दा राम्रो हुन्छ ?**

क. जिल्लाबाट विज्ञ ल्याएर

ख. जिल्लाका अनुभवी शिक्षकबाट

ग. स्थानीय परिवेशको ज्ञान भएकाबाट

घ. स्थानीय नेता बाट

**४. शान्तिका अग्रदुत..........................लाई भनिन्छ ।**

अ. बुद्ध आ. सीता इ. अंशुवर्मा ई. राम शाह उ. पृथ्वीनारायण शाह

**५. ..........................को शासनकाललाई स्वर्णयुग मानिन्थ्यो ।**

अ. जनक आ. अंशुवर्मा इ. राम शाह ई. पृथ्वीनारायण शाह

**६. शीरध्वज कसको नाम हो ?**

अ. अरनिको आ. जनक इ. बुद्ध ई. पृथ्वीनारायण शाह

**तलका वाक्यहरू ठिक लागेमा (√ ) चिह्न  र बेठिक लागेमा (X) चिह्न  लगाउनुहोस् ।**

क. स्थानीय तह वा पालकिामा पनि समाज सुधारमा विशेष योदान गरेका व्यक्तिहरू हुन सक्छन् । ☐

ख. हाम्रो समुदायमा बस्ने सबै व्यक्तिहरूले समाजको विकासका लागि उल्लेखनीय योगदान गरेका हुन्छन् । ☐

ग. समुदायको विकासमा ऐतिहासिक व्यक्तिहरूले आफ्नो व्यक्तिगत स्वार्थ वा हितलाई छोडेर काम गरेका हुन्छन् । ☐

घ. ऐतिहासिक व्यक्तित्वहरूले राष्ट्रियस्तरमा मात्र योगदान गरेका हुन्छन् । ☐

ङ. विगतमा महत्त्वपूर्ण योगदान गर्ने व्यक्तिहरूको नाम  समाज वा राष्ट्रले जुगौँजुगसम्म सम्झिरहन्छ । ☐

च. आफ्नो हितभन्दा पनि देशको हितमा कार्य गरी विश्वमा देशको नाम चिनाउने व्यक्तिहरू राष्ट्रिय विभुति हुन् । ☐

छ. बढी लोभ लालचले बढी दुःखी बनाउँछ भन्ने राष्ट्रिय विभुति राजा जनक हुन् । ☐

ज. हालसम्म राष्ट्रिय विभुतिहरूको सङ्ख्या  १८ जना पुगेको छ । ☐

झ. सबै भन्दा पछि राष्ट्रिय विभुति घोषणा भएका व्यक्ति जय पृथ्वीबहादुर सिंह हुन् । ☐

ञ. मुर्तिकलामा सिपालु राष्ट्रिय विभुति अंशुवर्मा हुन् । ☐

**खालीठाउँमा उपयुक्त शव्द भर्नुहोस्:**

क. समाज सुधारमा योगदान गर्न .......स्वार्थ त्याग गर्न सक्नुपर्छ । (व्यक्तिगत/ सामुहिक)

ख. समाजसेवीहरूले गरेको असल कार्यले  स्थानीय तहमा .............. प्रभाव पारेको हुन्छ ।
(सकारात्मक/ नकारात्मक)

ग. ....................ले कमाराकमारी राख्ने चलन हटाए ।(भिमसेन थापा/राम शाह)

घ. नालापानी युद्धमा अङ्ग्रेज फौजसँग देशको रक्षाका लागि ..............ले लडेका थिए ।
(बलभद्र कुँवर/ भक्ति थापा)

ङ. उपत्यकाका जनताहरूको ऋण तिरिदिने व्यक्ति ...........हुन् । ( श्री ५ त्रिभुवन/ शङ्खधर शाख्वा)

च. अक्षराङ्क नामको पुस्तक लेख्ने व्यक्ति ............हुन् । (जय पृथ्वीबहादुर सिंह/ मोतिराम भट्ट)

छ....................किरात धर्मका धार्मिक गुरु हुन् । ( अंशुवर्मा/फाल्गुनन्द लिङ्देन)


ज. प्रजातान्त्रिक आन्दोलन सफल बनाउन योगदान गर्ने राजा................हुन्( श्री ५ त्रिभुवन/श्री ५  महेन्द्र)

तपाईंले दिएका उत्तरहरू कति मिले होलान्, जाँच गर्नुहोस् । उत्तर धेरै मिले भने बधाई छ तर कम मिले भने पनि चिन्ता नलिनुस् यो  मोडुलका पाठहरूले तपाईंलाई सबै कुरा सिक्न सहयोग गर्ने छन् । यसका उत्तरहरू यसै मोडयुलको अन्त्यमा  दिइएका छन् । अब यदि तपाईं तयार हुनुहुन्छ भने पाठहरू अध्ययन गर्न सुरु गर्नुहोस् ।

पाठ
१

# हाम्रो वडाका सम्पदाहरू

हाम्रो वडामा नयाँ अध्यक्ष चुनिएर आउनुभएको छ। उहाँ पहिले स्कुलमा पढाउनुहुन्थ्यो। उहाँले फरक तरिकाबाट काम गर्न सुरु गर्नुभएको छ। वडाका जनताहरू उहाँसँग असाध्यै खुसी देखिन्छन्। उहाँले गरेका राम्रा काममध्ये एउटा काम भनेको वडाका स्रोतसाधन वा सम्पदाहरूको पहिचान गर्न स्रोत नक्सा तयार गर्ने हो। उपलब्ध स्रोतसाधनहरूमा देखिएको समस्या र समाधानका उपायहरू पत्ता लगाउने हो। त्यसका आधारमा यसका लागि सोही ठाउँका स्थानीय बुद्धिजीवी र राम्रो जानकारी भएका व्यक्तिहरू सहित विभन्न तीन क्षेत्रलाई समेटेर पाँच/पाँच जनाको समिति बनाई जिम्मेबारी दिनुभएको छ। ती तीन समितिले तोकिएको कार्य पुरा गरेका छन्। आज उक्त समितिहरूका संयोजकले प्रतिवेदन वडामा प्रस्तुत गर्ने दिन हो। तीनै जना संयोजकहरूले गरेको प्रस्तुति यस प्रकार छ :



**शकुन्तला दिदी :**

हामीलाई वडाध्यक्षज्यूले हाम्रो वडाको प्राकृतिक सम्पदा बारे अध्ययन गर्ने काम दिनुभएको थियो। हाम्रो वडाको गैरीगाउँमा खोला छ। यसबाट कुलो लगेर बैंसीमा अन्न तरकारी राम्रो हुने गरेको छ। डाँडागाउँमा बाक्लो जङ्गल छ। त्यहाँ पशुपालन राम्रो हुने गरेको छ। माझ गाउँमा पोखरी छ। त्यहाँ वनभोज र मनोरञ्जन गर्न टाढाबाट मान्छे आउँछन्। पोखरीको पानी खस्ने ठाउँमा झरना पनि छ। पल्लो गाउँ ठुलाठुला टारहरूको धनी छ। त्यहाँको दाल तेल जिल्लाभरि प्रशिद्ध छ।

बनजङ्गल फडानी तीव्र रूपमा बढिरहेको छ। खोला किनारमा वृक्षारोपण नहुँदा नदीकटान बढेको छ। टारहरूमा सिँचाइ सुविधा कम छ। अव्यवस्थित पशुपालनले अन्नबाली संरक्षण भएको छैन। पक्की कुलो नहुँदा दुःख भइरहेको छ।जङ्गल जोगाउन उपभोक्ता समिति गठन, वृक्षारोपण र रेखदेख आवश्यक छ। पोखरीको सरसफाइ गर्नुपर्छ। टारहरूमा सिचाइ पुऱ्याउनु पर्छ। खोलाको पानीबाट बिजुली निकाल्न सकेमा बनजङ्गल जोगिने थियो।



**बिर्खमान दाइ :**

हामीलाई ऐतिहासिक तथा धार्मिक सम्पदाहरूको अध्ययन गर्ने काम दिनुभएको थियो । हामीले हाम्रो वडाको सबै गाउँमा पुगेर सोधखोज गरी टिपोट गरेको छौँ । यस वडामा दुईओटा मठ, मन्दिर, एउटा गुम्बा, एउटा मस्जिद, र एउटा चर्च रहेका छन् । एउटा देवीथान पनि छ जहाँ हाम्रै कुल पुजा हुने गरेको छ । हाम्रोमा एउटा मल्लकालको ऐतिहासिक दरबार पनि छ । एउटा ऐतिहासिक किल्ला पनि छ । यहाँ तीनओटा पाटीपौवा रहेका छन् ।

मठ मन्दिरमा घेराबारा छैन, गुम्बा र मस्जिदको छेउमा पहिरोले गर्दा पर्खाल लड्न लागेको छ । चर्चसम्म पुग्ने बाटो राम्रो छैन । एउटा भएको दरबार पनि ठाउँठाउँमा चर्किएको छ । किल्लामा भएका कतिपय कुरा हराउँदै गएका छन् संरक्षण छैन । पर्खालका ढुङ्गासमेत हराएर समथर जमिन भइसकेको छ ।

अब मन्दिरमा घेराबारा, गुम्बा र मस्जिदको पहिरो नियन्त्रणका लागि मजबुत पर्खाल लगाउनु पर्ने र वृक्षारोपण गर्नुपर्छ । दरबारको पर्खाललाई मर्मत गर्नुपर्छ । चर्चसम्म पुग्ने बाटो मर्मत गर्नुपर्छ । देवीथान नजिक सानो कुटी बनाउनुपर्छ । किल्लाको संरक्षण गर्न घेराबारा र रेखदेखको प्रबन्ध आवश्यक छ ।



**फुर्मा भाउजु:**

हामीले चाहिँ साँस्कृतिक सम्पदाहरूको बारेमा काम गरेका थियौँ । हाम्रो वडामा विभिन्न जातजातिहरूको बसोबास भएकाले फरकफरक चालचलन रहेछ । यहाँ मारुनी, झ्याउरे, भजन, खैँजडी धान नाच, तामाङ सेलो जस्ता गीत र  नाचहरू रहेका छन् ।  तर अहिलेका युवाहरूले गाउन र नाच्न छोड्दै गरेको पाइयो ।  यसका लागि गाउँगाउँमा समिति गठन गरी चाडपर्वमा गाउने, बजाउने र नाच्ने कार्य  नियमित गर्ने गराउने गर्दा र म्रो हुन्छ । जात्रा र पर्वहरू  जातैपिच्छे भएपनि मनाउने कार्य कमी भएको पायौँ । वडाले त्यस समुदायका पुराना व्यक्तिहरूलाई समेटेर आवश्यक सहयोग र प्रोत्साहन गर्नुपर्छ। विभिन्न लोकबाजाहरू पञ्चै बाजा, झ्याली, ढोल, बिनायो, मुर्चुगा पनि घरमा भेटिए तर बजाउन  छोडेको बर्सौं भयो । अब विभिन्न कार्यक्रममा, र पर्वहरूमा तिनीहरूको प्रयोग गर्नुपर्छ । हाम्रामो  नेवारी पोसाक,  शेर्पा पोसाक, दौरासुरुवाल, गुन्युचोली लगाउने जातिहरू भए पनि  ती लगाउने व्यक्ति पाउन छोडियो । अब हामीले कम्तीमा चाडपर्वमा लगाउने चलन चलाउनुपर्छ ।

**निचोड : यी कुराहरूलाई ध्यान दिऊँ**

स्रोत नक्सा के हो ?

क. स्रोत नक्सा भनेको  समुदायमा यी कुराहरू देखाउने नक्सा हो:

- हाम्रो समुदायमा भएमा प्राकृतिक पक्षहरू जङ्गल, नदीनाला, पोखरी, झरना आदि
- धार्मिक पक्षहरूमा मठ, मन्दिर, स्तुपा ,मस्जिद, चर्च आदि
- सांस्कृतिक पक्षहरूमा गीत, सङ्गीत, नाचगान, बाजागाजा, परम्परा जात्रा चाडपर्व आदि
- ऐतिकासिक पक्षहरूमा पुराना भवन, पाटीपौवा, दरबार, कोट आदि

ख. स्रोत नक्साले वडा वा समुदायको आवश्यकतालाई देखाउँछ

ग. समुदायका समस्या केके रहेछन् र  तिनीहरूको  समाधान वा गर्नुपर्ने कार्यहरूलाई जनाउँछ

घ. स्रोत नक्सामा वडा वा समुदायभित्रका सङ्घसंस्था, वडाकार्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, बैंक पनि देखाइन्छ ।

ङ. स्रोत नक्सा बनाउँदा स्थानीय व्यक्तिहरूको सहभागितामा समिति बनाएर  राम्ररी छलफल गरेर कार्य गरिन्छ ।

च. स्रोत नक्सा बनाएपछि समुदायका  समस्या वा आवश्यकता र  समाधानका उपायहरूका लागि स्थानीयहरू बिच व्यापक छलफल गरिन्छ ।

छ. यो वडा वा समुदाय कस्तो छ भनी हेर्ने ऐना हो ।



## सिकाइ क्रियाकलाप

**क्रियाकलाप १: माथिको पाठको अध्ययनका आधारमा तल दिएका प्रश्नहरूको जवाफ दिने प्रयास गर्नुहोस् ।**

क) प्राकृतिक सम्पदा भनेका के रहेछन् ?

..........................................................................

..........................................................................

ख) ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षणका उपायहरू लेख्नुहोस् ।

..........................................................................

..........................................................................

ग) सांकृतिक सम्पदाका कुनै ४ ओटा उदाहरण दिनुहोस्?

..........................................................................

..........................................................................

घ) सांकृतिक सम्पदाका कुनै ४ ओटा समस्या लेखी संरक्षण गर्ने उपाय प्रस्तुत गर्नुहोस् ।

..........................................................................

..........................................................................

**क्रियाकलाप २: माथिको पाठका आधारमा तल दिएको तालिकाअनुसार सम्पदाहरूको उदाहरण टिपोट गर्नुहोस्:**

| **क्र.स.** | **सम्पदाहरू** | **उदाहरण** |
|---|---|---|
| १ | प्राकृतिक सम्पदा | |
| २ | ऐतिहासिक र धार्मिक सम्पदा | |
| ३ | सांस्कृतिक सम्पदा | |

**क्रियाकलाप ३: परियोजना कार्य**

तपाईंको समुदायमा भएका प्रकृतिक, धार्मिक तथा ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूमध्ये १/१ ओटा पहिचान गरी तिनिहरूको समस्या र समाधानका उपायहरू तलको तालिकाअनुसार लेख्नुहोस् । यसका लागि मिल्ने साथीहरूको सहयोग लिनुहोस् र तयार गरेपछि अभिभावकहरूलाई सुनाउनुहोस् ।

| क्र.स. | सम्पदाहरू | उदाहरण | समस्या | समाधान |
|---|---|---|---|---|
| १ | प्राकृतिक सम्पदा | | | |
| २ | ऐतिहासिक र धार्मिक सम्पदा | | | |
| ३ | सांस्कृतिक सम्पदा | | | |

**क्रियाकलाप ४: सूचना प्रविधिमा आधारित कार्यकलाप**

आफ्नै घर वा छिमेकका दादादिदीहरूसँग सोधखोज गरेर वा मोबाइलमा इन्टरनेटको प्रयोग गरी गुगलमा सर्च गरेर तपाईंको वडा वा समुदायको आकृति नक्सा बनाई त्यसभित्र कहाँकहाँ सम्पदा वा स्रोत छन् जस्तै : पाटीपौवा, कुवा, जङ्गल, विद्यालय, स्वास्थ्य चौकी, बैंकलगायत अन्य कुराहरू केके छन् उक्त नक्साभित्र सङ्केत गरी नक्सा तयार गरेर आफ्ना अभिभावक वा आफूभन्दा ठुला व्यक्तिहरूलाई देखाउनुहोस् । उहाँहरूले केही सुझाब दिएमा उक्त सुझाबहरूलाई समेटेर फेरि नक्सा संशोधन गर्नुहोस् ।

# उत्तरकुञ्जिका

**पाठ १ को अध्ययन पश्चात्का प्रश्न एवम् क्रियाकलापहरूको उत्तर**

**क) प्राकृतिक सम्पदा भनेका के रहेछन् ?**

**उत्तरः** प्रकृतिले दिएका स्रोतसाधन जस्तै वन जङ्गल, खोलानाला, झरना, पोखरी,कुण्ड कुवा, खानी, डाँडापाखा, मैदान, फाँट, बेँसी आदि हुन् ।

**ख) ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षणका उपायहरू लेख्नुहोस् ।**

सम्पदा क्षेत्र पहिचान गर्ने, घेराबारा लगाउने, हेरचाहको व्यवस्था मिलाउने, चोरी हुन नदिने, स्थानीयहरूको संलग्नता हुने गरी संरक्षण समिति बनाउने, मर्मत सम्भार गर्ने , प्रचारप्रसार गर्ने, पर्यटकीय क्षेत्र बनाउने ।

**ग) सांकृतिक सम्पदाका कुनै ४ ओटा उदाहरण दिनुहोस् ?**

चाडपर्वहरू, जात्राहरू, मेलाहरू, लोकगीत सङ्गीतहरू र लोकनाचहरू, स्थानीय बाजागाजाहरू, रीतिस्थिति र परम्पराहरू, स्थानीय खेलकुदहरू ।

**घ) सांकृतिक सम्पदाका कुनै ४ ओटा समस्या लेखी संरक्षण गर्ने उपाय प्रस्तुत गर्नुहोस् ।**

**समस्याहरू**

- युवापुस्ताले मनाउन र उपयोग गर्न छोड्दै जानु,
- पश्चिमा संस्कृति हाबी हुनु,
- अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा सिकाइ स्थानान्तरण नहुनु,
- विकास र प्रवर्धनका लागि विशेष जोड नदिनु,

**संरक्षणका उपायहरू**

- संस्कृतिहरूको पहिचान गर्ने,
- संरक्षणका लागि बजेट छुट्याउने,
- विकास र प्रवर्धनका लागि कार्यक्रम सञ्चालन गर्ने,
- प्रोत्साहन र प्रेरणा प्रदान गर्ने,
- पर्यटनसँग जोड्ने,
- संरक्षण समितिहरू गठन गरी कार्य अगाडि बढाउन

**क्रियाकलाप नं २ उत्तर**

| क्र.स. | सम्पदाहरू | उदाहरण |
|---|---|---|
| १ | प्राकृतिक सम्पदा | वन जङ्गल, नदीनाल, पोखरी, कुवा |
| २ | ऐतिहासिक र धार्मिक सम्पदा | प्राचीन दरबार, भवनहरू, पाटीपौवाहरू । मठ मन्दिर, चर्च, मस्जिद, गुम्बा, स्तुपा, देवीथान, देउरालीहरू |
| ३ | सांस्कृतिक सम्पदा | नाचगान, गीतसङ्गीत, बाजागाजा, चाडपर्व, मेला, जात्रा, रीति परम्परा |

**क्रियाकलाप नं. ३ उत्तर**

| क्र.स. | सम्पदाहरू | उदाहरण | समस्या | समाधान |
|---|---|---|---|---|
| १ | प्राकृतिक सम्पदा | क्रियाकलाप नं.२ को उत्तरमा दिएकामध्ये वा सो बाहेक त्यस्तै अन्य भए उल्लेख गर्ने, | तिनीहरूको मात्रामा कमी हुँदै जानु, नासिदै जानु, लोप हुँदै जानु, फोहोर हुनु, चोरी हुनु वा हराउनु, प्रोत्साहन नहुनु , बढीपहिरो, अवैध चोरी निकासी आदि यस्तै मिल्ने हुन सक्छन् । | सचेतना जगाउने, संरक्षण समिति गठन र कार्यथालनी, मर्मत सम्भार, निर्माण आदि यस्तै मिल्ने हुन सक्छन् । |
| २ | ऐतिहासिक र धार्मिक सम्पदा | क्रियाकलाप नं.२ को उत्तरमा दिइएकामध्ये वा सो बाहेक त्यस्तै अन्य भए उल्लेख गर्ने, | तिनीहरूको मात्रामा कमी हुँदै जानु, नासिदै जानु, लोपहुदै जानु, फोहोर हुनु, चोरी हुनु वा हराउनु, प्रोत्साहन नहुनु आदि यस्तै मिल्ने हुनसक्छन् । | सचेतना जगाउने, संरक्षण समिति गठन र कार्यथालनी, मर्मत संभार, निर्माण, रेखदेख, घेराबारा पहिरो नियन्त्रण, प्रचारप्रसार, पर्यटकीय क्षेत्र घोषणा |
| ।।३ | सांस्कृतिक सम्पदा | क्रियाकलाप नं.२ को उत्तरमा दिएकामध्ये वा सो बाहेक त्यस्तै अन्य भए उल्लेख गर्ने, | तिनीहरूको मात्रामा कमी हुँदै जानु, नासिदै जानु, लोप हुँदै जानु, फोहोर हुनु, चोरी हुनु वा हराउनु, प्रोत्साहन नहुनु आदि यस्तै मिल्ने हुन सक्छन् । | प्रचारप्रसार, विशेष भेला र कार्यक्रमहरूमा उपयोग गर्ने,संरक्षण समिति गठन र कार्यथालनी, शिक्षाका लागि स्थानीय विषयवस्तु बनाउन, प्रोत्साहन गर्ने आदि, यस्तै मिल्ने अन्य पनि हुन सक्छन् |

**क्रियाकलाप ४: सूचना प्रविधिमा आधारित कार्यकलाप, उत्तर**

गुगलमा सर्च गरेर तपाईंको वडा वा समुदाय पत्ता लगाउन अग्रजहरूको सहयोग लिनुहोस् । यो सम्भव नभएमा अग्रजहरूको सहयोगमा आफ्नो वडा वा समुदायको आकृति नक्सा कोर्नुहोस् । उक्त नक्साभित्र कहाँकहाँ केकस्ता सम्पदा वा स्रोत छन् जस्तै : पाटीपौवा, कुवा, जङ्गल, विद्यालय, स्वास्थ्य चौकी, बैङ्कलगायत अन्य कुराहरू केके छन्, तिनीहरूको सङ्केत गरी नक्सा तयार गरेर आफ्ना अभिभावक वा आफूभन्दा ठुला व्यक्तिहरूलाई देखाउनुहोस् । उहाँहरूको सही सुझावलाई समेटेर फेरि नक्सा संशोधन गर्नुहोस् ।

पाठ
२

# हाम्रो स्थानीय तहका ऐतिहासिक व्यक्तित्वहरूको योगदान

**तल दिएको चिठी अध्ययन गरौँ**

श्री प्रधान सम्पादकज्यू
जनखबर पत्रिका
जोरायल, डोटी

मिति:२०७९/९/६

**विषय : समाजसेवीहरूको योगदान छपाइ गरिदिने बारे ।**

उपर्युक्त विषयमा यस गाउँपालिकाले यो वर्ष विगतमा समाजका विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याउने तीन जना प्रेरणादायी व्यक्तिहरूलाई सम्मान  गरेको छ। विगतको अवस्था वा घटना, उहाँहरूको नाम ठेगाना,  उहाँहरूले गरेको योगदान र त्यसबाट समाजमा परेको असरबारे उल्लेख गरी त्यस पत्रिकामा छपाइ हुनेछ भन्ने अपेक्षासहित पठाइएको छ। उहाँहरूको योगदानको विस्तृत विवरण यसप्रकार छ :




जोरायल गाउँपालिका वडा न दुईमा बस्ने मुनादेवी विक विकासप्रेमी हुनुहुन्थ्यो। उहाँले उक्त वडामा आफ्नो निजी खर्चमा तीन किलोमिटर टाढाको खहरे खोला/गाढबाट पिउने पानी ल्याएर घरघरमा धारा बनाई वितरण गर्नुभएको थियो। पिउने पानी ल्याउनुअगाडि उक्त गाउँका मानिसहरूले गाग्रीमा एक बिहान लगाएर पानी ओसार्नुपर्दथ्यो। यसका लागि समय र श्रम बढी लाग्थ्यो। अहिले गाउँमा शुद्ध पिउने पानी बिहान  र बेलुकी गरी दुईपटक आउँछ। यसले करेसाबारीमा थोरैथोरै तरकारीबालीमा सिँचाई गर्न पनि पुगे को छ।  पानीका लागि कुनै शुल्क लाग्दैन। श्रम र समयको पनि बचत भएको छ। उहाँ समाज सुधारक पनि हुनुहुन्छ। उहाँले वडामा आमा समूह गठन गरेर सिलाइ, बुनाइ र अचार बनाउने सिपमूलक तालिम गाउँले महिलाहरूलाई दिने कार्यको थालनी गर्नुभयो। अहिले धेरै गाउँले महिलाहरू स्वरोजगार भएका छन् । उहाँलाई गाउँलेहरू उच्च सम्मान र आदर गर्ने गर्दछन्।




जोरायल गाउँपालिका वडा न तीनमा बस्ने टेकबहादुर नेपाली शिक्षा प्रेमी हुनुहुन्थ्यो । उक्त वडामा विद्यालय नै थिएन । गाउँका हुनेखानेले आफ्ना बालबालिकाको शिक्षाका लागि जिल्ला सदरमुकाम वा तराईतिर पठाउने गर्थे ।

गाउँमा धेरै मानिसहरू निरक्षर थिए । साहुले चर्को ब्याज पटकपटक असुलेको समेत थाहा पाउँदैनथे । टेकबहादुरलाई यो अवस्थाले ज्यादै चिन्तित बनाएको थियो । उहाँले सय मुरी अन्न फल्ने आफ्नो बैंसी खेत बेचेर कक्षा ३ सम्मको स्कुल खोल्नुभयो । गाउँका बालबालिका स्कुल पढ्न थाले । अहिले त्यहाँ कक्षा १२ सम्म पढाइ हुन्छ । उक्त वडालाई गतसाल गाउँपालिकाले पूर्ण साक्षर वडा घोषणासमेत गरेको छ । विद्यालयको ठिक अगाडि सरस्वतीको मूर्तिसँगै टेकबहादुरको शालिक समेत राखिएको छ ।



जोरायल गाउँपालिकाको वडा नं.४ मा बसोबास गर्ने रणध्वज मगर विकासप्रेमी व्यक्ति हुनुहुन्थ्यो । उहाँ निवृत्त सिपाही हुनुहुन्थ्यो । उहाँको वडामा पुग्न लगभग एक किलोमिटर कहाली लाग्दो भिर पार गरेर जानु पर्थ्यो । बर्सेनी आधा दर्जन गाउँलेहरूले भिरबाट लडेर ज्यान गुमाउँथे । रणध्वजलाई यो कुराले दिनहुँ घोचिरहेको थियो । उहाँले एकदिन गाउँलेहरूलाई भेला गराएर भीरमा घोडाखच्चर हिँड्न मिल्ने गरीको बाटो बनाऊँ भनी सबैलाई अनुरोध गर्नुभयो । धेरैले उहाँलाई साथ नदिने बताए । त्यसपछि उहाँले महिनैपिछे आएको पेन्सनले कामदार खटाएर र आफू पनि खटेर २ वर्षमा बाटो खनिसिध्याउनुभयो । त्यसपछि त गाउँले हरू रातको समयमा पनि सजिलै आवतावत गर्न थाले । अहिले त त्यहाँबाट जिप र बस नै त्यस गाउँमा पुग्छन् । गाउँलेहरूले उनको सम्मानस्वरूप त्यस बाटोको नाम रणध्वज मार्ग भनी नामाकरण गरेका छन् ।

अध्यक्ष

जोरायल गाउँपालिका



# सिकाइ क्रियाकलाप

**क्रियाकलाप: १**

**माथिको पाठ राम्ररी पढेर तल दिएका प्रश्नहरूको जवाफ दिनुहोस्**

१. मुनादेवीले उनको वडामा गरेका समाजको हित हुने कार्यहरू के के रहेछन् ?

२. रणध्वज मगरले आफ्नो कमाइ कसका लागि खर्च गरे ?

३. विद्यालयमा टेकबहादुर नेपालीको शालिक किन राखियो ?

४. माथि उल्लिखित तीन जनाले कसको हितका लागि काम गरे र किन ?

५. आफू सम्मानित हुन र नाम कमाउन समाजमा कसरी काम गर्नुपर्ने रहेछ ?

६. के तपाईंको समुदायमा पनि समाजसुधारमा उल्लेखनीय योगदान गर्ने व्यक्तिहरू हुनुहुन्छ भने पाँचजनासम्मको नामसहतिको सूची तयार गर्नुहोस् ।

**क्रियाकलाप: २**

**तपाईंको विचारमा आफ्नो समुदायमा असल व्यक्ति बन्नका लागि के कस्ता कुराहरूमा योगदान गर्नुपर्ला, आफ्नो समुदायमा असल व्यक्ति बन्नका लागि तल दिएका पाँच ओटा क्षेत्रका ३/३ ओटा योगदान वा कुरा तल दिइएको तालिकामा उल्लेख गर्नुहोस् ।**

| क्षेत्रहरू | गर्नुपर्ने कुरा वा योगदानहरू |
|---|---|
| शिक्षा | १.<br>२.<br>३. |
| स्वास्थ्य | १.<br>२.<br>३. |
| यातायात | १.<br>२.<br>३. |
| खानेपानी | १.<br>२.<br>३. |
| वातावरण संरक्षण | १.<br>२.<br>३. |

**क्रियाकलाप : ३ परियोजना कार्य**

**तलको तालिकामा तपाईंको समुदायको विकासमा योगदान पुऱ्याउने कुनै दुई व्यक्तिहरू पहिचान गरी उनीहरूले गरेको योगदान र त्यसले समुदायमा पारेको प्रभाव उल्लेख गरी नजिकको विद्यालयका शिक्षक समक्ष प्रस्तुत गर्नुहोस् । यसका लागि अभिभावक र साथीहरूको सहयोग लिन सक्नुहुन्छ ।**

| क्र.स. | व्यक्तिको नाम | गरेको काम | ती कार्यले पारेको प्रभाव |
|---|---|---|---|
| १. | | | |
| | | | |

**थप जानकारीका लागि**

इतिहासका केही सम्मानित ऐतिहासिक व्यक्तित्व वा समाजसेवीहरूको सूची र परिचय,

१. माधवराज जोशी
२. दयावीरसिंह कंसाकार
३. आबाल ब्रह्मचारी षडानन्द अधिकारी
४. कृष्णप्रसाद कोइराला
५. योगमाया

**१.माधवराज जोशी :** जोशीले विसं १९५३ मा आर्य समाज स्थापना गरेका थिए । आर्य समाजको उद्देश्य रूढिवादी र अन्ध परम्पराबाट शताब्दीयौँदेखि जकडिइरहेको नेपाली समाजको चेतनामा परिवर्तन ल्याउनु थियो । उनले समाजलाई चेतनशील बनाउने प्रयत्न गरेका थिए ।

**२. आबाल ब्रह्मचारी षडानन्द अधिकारी :** यी सत्पुरुषले विसं १९३२ मा भोजपुरको दिङ्लामा गुरुकुलको आरम्भ गरे जसबाट त्यस क्षेत्रमा शिक्षाको ठुलो उन्नति भयो । टाढाटाढाका विद्यार्थीका लागि दिङ्ला विद्याको केन्द्र बन्यो । उनले आम जनताका लागि पाटीपौवा, धारा, चौतारा आदिको निर्माण गराए । सबै वर्ण जातका मानिसप्रति उनको समान व्यवहार थियो ।

**३. कृष्णप्रसाद कोइराला :** विसं १९८६ मा विराटनगरमा आदर्श स्कुल खोले । सर्वसाधारण नेपाली जनताका लागि आधुनिक शिक्षा प्राप्ति हेतु स्कुलको स्थापना गर्नु ठुलो सामाजिक पुण्यकर्म थियो । कृष्णप्रसाद-जसलाई 'पिताजी' पनि भनिन्छ । कोइरालाले विराटनगरमा धार्मिक आस्थाको केन्द्र काली मन्दिरको स्थापना गराएका थिए । उनले आफ्नै जग्गाको एक भाग छुट्याएर अस्पतालको निर्माण गराई जनताको सेवा गरे ।

**४.योगमाया :** उनी देशबाटै नारीहरूले भोग्नुपरेका पारिवारिक, सामाजिक र कानुनी पीडा, सन्त्रास, अन्याय र भेदभावपूर्ण परम्पराहरूको अन्त्य गर्न चाहन्थिन् । पुरुष वर्गबाट महिला वर्गमा हुने अमानवीयता र उत्पीडनबाट समाजलाई मुक्त गर्न उनले अभियान चलाएकी थिइन् । उनी सामाजिक परिवर्तन र जागरणकी प्रतीक एवं समर्पित अभियन्ता र विद्रोही नारी थिइन् ।

**५.दयावीरसिंह कंसाकार :** दयावीरसिंह कंसाकार अर्का एक महान् समाजसेवी थिए । वि.सं. २००२ मा काठमाडौँमा झाडाबान्ताको ठुलो महामारी फैलिएको थियो । कयौँको ज्यान गइरहेको थियो । उबेला बिमारी मानिसलाई बचाउन अत्यावश्यक पर्दा रगत दिने मानिस कोही हुँदैनथे । कैयौँ बिरामीले रगत नपाएर मृत्युवरण गर्नुपर्थ्यो । दयावीरसिंहले वि.सं. २००० सालतिरै रोगीलाई बचाउन आफ्नो रगत दान गरे । उनले नै नेपालमा सर्वप्रथम रक्तदान आरम्भ गरेका थिए । उनले स्थापना गरेका संस्थाहरूले अझै पनि स्वास्थ्य, शिक्षा क्षेत्रमा उदाहरणीय सेवा पुऱ्याइरहेका छन् ।

**निचोडलाई ध्यान दिऊँ :**

वर्तमानमा समाजसेवाका क्षेत्र विस्तारित भएका छन्, सँगसँगै समाजसेवीको सङ्ख्यामा पनि उल्लेखनीय वृद्धि भएको छ । स्थानीय स्तरदेखि देशका प्रायः सबै जिल्लामा समाजसेवी छन् । शिक्षा, स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याउने धेरै देखिन्छन् । वृद्धवृद्धा तथा ज्येष्ठ नागरिकका कल्याणका लागि काम गर्ने पनि छन् । बेचबिखनमा परेका महिला, चेलीबेटी तथा बालबालिकाको उद्धार र पुनर्स्थापनाका लागि पनि काम भएका छन् । धार्मिक आध्यात्मिक उन्नतिका लागि धेरैले काम गरेका छन् । विपन्न समाजमा आवास निर्माण तथा प्रकोप पीडितहरूको उद्धार र सेवाको कार्य पनि भएका छन् ।
इतिहासमा अरू कैयौँ समाजसेवीले समाजका विभिन्न क्षेत्रको उन्नतिका लागि ठुलो योगदान पुऱ्याएका छन् । कतिले आफ्नो जग्गादान गरेका छन् । जहाँ अहिले ठुलाठुला शिक्षण संस्थाहरू रहेका छन् । कतिले समाजकै कुरीति र अन्धविश्वास विरुद्ध जनतालाई ज्ञान बाँडेका छन् । कतिले अस्पताल खोले, कतिले बाटाघाटा बनाए । कसैको आशा नराखी आफ्नै बलबुताले जनकल्याणका कामहरू गर्ने वास्तविक समाजसेवकहरूको खोजी गर्नुपर्छ । तिनीहरूलाई सम्मान गर्न राज्य वा स्थानीय तह तत्पर हुनु जरुरी छ ।



## खोज क्रियाकलाप

**क्रियाकलाप ४:**

**तपाईंको स्थानीय तहमा पनि यस्तै विभिन्न क्षेत्रमा योगदान गर्ने व्यक्तित्वहरू पक्कै हुनुहुन्छ । अभिभावक र साथीसँगीहरूसँग सोधखोज गरी उनीहरूको सूची तयार गर्नुहोस् र ती मध्ये कुनै १/२ जनाको छोटो परिचय पनि लेख्नुहोस् । त्यसरी लेखेर तयार गरेको कुरा परिवारमा सुनाउनुहोस् । थप सुझाव आएमा फेरि उक्त सुझावहरूलाई समावेश गर्नुहोस् ।**

# उत्तरकुञ्जिका

**पाठ २ सिकाइपश्चात्का क्रियाकलापहरूको उत्तर**

**माथिको पाठ राम्ररी पढेर तल दिएका प्रश्नहरूको जवाफ दिनुहोस् ।**

**१. उत्तर :** मुनादेवीले उनको वडामा गरेका समाजको हित हुने कार्यहरूमा आफ्नै लगानीमा टाढाबाट खानेपानी ल्याएर समुदायका लागि घरघरमा निःशुल्क धारा वितरण र सिलाइ बुनाइका साथै अचार बनाउने निःशुल्क तालिम सञ्चालन हुन् ।

**२. उत्तर :** रणध्वज मगरले स्थानीय समुदायका व्यक्तिहरूको भलाइका लागि आफ्नै लगानी र श्रमसमेतमा विकट पहरामा बाटो निर्माण गरेको ।

**३. उत्तर :** विद्यालयमा टेकबहादुर नेपालीको शालिक किन राखियो भने उनले आफ्नै सम्पत्ति खर्चेर शिक्षा विकासका लागि विद्यालय सपना गरे, त्यसैको सम्मानस्वरूप शालिक राखियो ।

**४. उत्तरः** माथि उल्लेखित तीन जनाले समुदाय वा समाजकको हितका लागि काम गरे किनकि समुदायका व्यक्तिहरूको जीवन दुःखदायी भएकाले उनीहरूको जीवनस्तर माथि उठाउन वा अशिक्षाबाट मुक्त गर्न ।

**५. उत्तर :** आफू सम्मानित हुन र नाम कमाउन समाजमा निःस्वार्थ र आफ्नै लगानी बलबुतामा काम गर्नुपर्ने रहेछ ।

**६. उत्तर :** तपाईंको समुदायमा पनि समाजसुधारमा उल्लेखनीय योगदान गर्ने व्यक्तिहरू हुनुहुन्छ होला अभिभावक र अन्य साथीसङ्गीको सहयोगमा पाँचजनाको नामसहतिको सूची तयार गर्नुहोस् र आफूभन्दा ठुलाहरूलाई देखाउनुहोस् ।

**क्रियाकलाप : २ उत्तरः आफ्नो समुदायमा असल व्यक्ति बन्नका लागि पाँचओटा क्षेत्रका ३/३ ओटा योगदान वा कुरा तल दिइएको तालिकामा उल्लेख गर्नुहोस् ।**

| क्षेत्रहरू | गर्नुपर्ने कुरा वा योगदानहरू |
|---|---|
| शिक्षा | विद्यालय स्थापना, छात्रवृत्ति प्रदान, विद्यालय भवन निर्माण तथा यस्तै मिल्ने अन्य |
| स्वास्थ्य | एम्बुलेन्स सहयोग, औषधी सहयोग, स्वास्थ्य चौकी स्थापना, निःशुल्क उपचार तथा यस्तै मिल्ने अन्य |
| यातायात | आफ्नै लगानीमा बाटो निर्माण, यातायात साधन व्यवस्था (बस, जिप), बाटो मर्मत तथा सुधार, बाटोका लागि जग्गा जमिन उपलव्ध, झोलुङ्गे पुल, पक्की पुल, केबलकार निर्माण गरी निःशुल्क वा सुफत मूल्यमा यातायात व्यवस्था गरेको आदि |
| खानेपानी | समुदायमा टाढाबाट पानी ल्याई वितरण, इनार तथा कुवा निर्माण, पानी शुद्धीकरण व्यवस्था आदि |
| वातावरण संरक्षण | वृक्षारोपण, संरक्षण, फोहोरमैला व्यवस्थापन, उन्नत चर्पी निर्माण, प्रदूषण नियन्त्रण, विद्युत् चुलो निःशुल्क वितरण, बाढीपहिरो नियन्त्रण आदि |

**क्रियाकलाप : ३ परियोजना कार्य उत्तर :**

तपाईंको समुदायको विकासमा योगदान पुऱ्याउने कुनै दुई व्यक्तिहरू पहिचान गरी उनीहरूले गरेको योगदान र त्यसले समुदायमा पारेको प्रभाव उल्लेख गर्न अभिभावक, साथीहरू वा अग्रजहरूसँग छलफल गरी नजिकको विद्यालयका शिक्षक वा सामुदायिक सिकाइ केन्द्र समक्ष प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप ४ उत्तरः**

माथि दिएजस्तै तपाईंको स्थानीय तहमा पनि यस्तै विभिन्न क्षेत्रमा योगदान गर्ने व्यक्तित्वहरू पक्कै हुनुहुन्छ । अभिभावक र साथीसँगीहरूसँग सोधखोज गरी उनीहरूको सूची तयार गर्नुहोस् र आफ्नो परिवारमा प्रस्तुत गर्नुहोस् । उहाँहरूले दिएका सुझाबहरूलाई पनि समेट्नुहोस् ।

पाठ
३

# हाम्रा राष्ट्रिय विभुतिहरू
## (खण्ड क)



**यो पाठ अध्ययन गर्नअधि तपाईंलाई यस पाठमा केके कुरा जानकारी छ, हेरौँ है त । त्यसका लागि तपाईंले निम्न प्रश्नहरूको जवाफ दिनुपर्ने छ । छलफल गरौँ ।**

क. माथिको चित्रमा कति जना व्यक्तिहरूको फोटो देख्नुहुन्छ ?

ख. तपाइँ कतिजनालाई चिन्न सक्नुहुन्छ ?

ग.तपाईंले चिनेकामध्ये कतिजनाको छोटो परिचय दिन सक्नुहुन्छ ?

**तपाईंहरूले  राष्ट्रिय विभूतिहरू भन्ने त सुन्नुभएकै होला ? कस्ता व्यक्तिहरूलाई राष्ट्रिय विभूति भन्ने गरिन्छ त ? आउनुहोस् यसको अर्थ बुझौँ ।**

आफू र आफ्नो परिवारको हितलाई छोडेर आफ्नो देशको हितका लागि  विशेष योगदान पुऱ्याउने व्यक्ति राष्ट्रिय विभूति हुन् । यी विभूतिहरूले आफ्नो देशको नाम विश्वमा प्रचार  प्रसार गर्न  विशेष कार्य गरेका हुन्छन् । त्यस्ता महान कार्य गर्ने व्यक्तिहरूलाई राज्यले राष्ट्रिय विभूति घोषणा गर्दछ ।

**हाम्रा राष्ट्रिय विभूतिहरूको सूची :**

१. गौतम बुद्ध
२. अंशुवर्मा
३. सीता
४. जनक
५. अरनिको
६. रामशाह
७. अमरसिंह थापा
८. पृथ्वीनारायण शाह
९. भानुभक्त आचार्य
१०. भीमसेन थापा
११. बलभद्र कुँवर
१२. श्री ५ त्रिभुवन
१३. मोतीराम भट्ट
१४. शङ्खधर शाख्वा
१५. पासाङ ल्हामु शेर्पा
१६. महागुरु फाल्गुनन्द
१७. भक्ति थापा
१८. जय पृथ्वीबहादुर सिंह

हामीले राष्ट्रिय विभूतिहरू कति जना रहेछन् र उनीहरूको नाम केके रहेछ भन्नेबारे जानकारी लियौँ । अब हामी उनीहरूको छोटो परिचय, उनीहरूले गरेका योगदान र उनीहरूबाट हामीलाई कस्तो प्रेरणा मिल्यो भन्ने बारे अध्ययन गरौँ ।

### १. गौतम बुद्धः




**परिचय :** गौतम बुद्धको नाम सिद्धार्थ गौतम हो । उनको जन्म वैशाख शुक्ल पूर्णिमाका दिन लुम्बिनीमा भएको थियो । उनी बुद्ध धर्मका संस्थापक हुन् । उनलाई शान्तिका अग्रदूत पनि भनिन्छ । उनी विश्वमा चर्चित छन् ।
**प्रेरणा :** उनले ५ सन्देश दिएका छन् । चोरी नगर, झुटो नबोल, हिंसा नगर, मादक पदार्थ नपिऊ र अनुशासित बन ।
**योगदान :** बढी लोभी हुँदा बढी दु:खी भइन्छ । धार्मिक मेलमिलापको भावना राख्नुपर्छ । हिंसा वा मारकाट गर्नं हुँदैन भन्ने प्रेरणा दिए ।



### २.अंशुवर्माः

**परिचय :** उनी लिच्छवीकालका शासक थिए । तिब्बत र भारतसँग राम्रो सम्बन्भ राखेका थिए । कुशलढङ्गबाट राज्य चलाएका थिए ।
**योगदान :** उनले बालकको सालनाल काट्ने चलन चलाए । उनको शासनकाललाई स्वर्ण युग भनिन्छ, उनले कैलाशकुट भवन बनाए ।
**प्रेरणा :** उनीबाट पाएका प्रेरणामा छिमेकीसँग सुमधुर सम्बन्ध राख्नुपर्छ । राज्य सञ्चालन गर्न राम्रो सिप चाहिने प्रेरणा दिए ।

**३. सीता :**



**परिचय :** सीता राजा जनककी छोरी हुन् । सीताको विवाह भगवान् राचन्द्रसँग भएको थियो । सीता चरित्रवान् र आदर्श थिइन् ।

**योगदान :** उनी आदर्श, सरल र चरित्रवान् थिइन् । अन्य नारीहरूलाई पनि यस्तै बन्न बाटो देखाइन् ।

**प्रेरणा :** उनले धैर्यवान् र सहनशील हुन र अशल चरित्र र त्यागी हुन प्रेरणा दिइन् ।



**४. जनक :**

**परिचय :** राजा जनक प्राचीन मिथिलाका राजा थिए । उनलाई शिरध्वज पनि भनिन्छ । उनी ज्ञानी र सज्जन थिए

**योगदान :** उनले दिएका महत्त्वपूर्ण उपदेशहरू जस्तै :

सँगै मिलेर बसौँ । बाँडीचुँडी खाऔँ । झगडा नगरौँ जस्ता कुरा सिकाएका थिए ।

**प्रेरणा :** सबैसँग नम्र र मिलनसार हुनुपर्छ । शक्ति भएपनि लडाइँ झगडा नगरी शान्तिसँग बस्न सकिन्छ भन्ने प्रेरणा दिएका छन् ।

**५.अरनिको :**



**परिचय :** अरनिको पाटनमा जन्मिएका प्रसिद्ध कलाकार थिए । उनलाई बलबाहु पनि भनिन्छ । उनी १७ वर्षको उमेरमा नै चित्रकला, वास्तुकला र मूर्तिकलामा सिपालु भइसकेका थिए । उनी कलाकारिताका लागि तिब्बत पनि गए ।

**योगदान :** उनले विश्वमा नेपालको कलाको प्रचार गरे । चिनको राजधानी बेइजिङमा रहेको स्वेत प्यागोडा यिनले नै बनाएका हुन् ।

**प्रेरणा :** कलाबाट पनि आफ्नो नाम विश्वमा पुऱ्याउन सकिन्छ । नाम र दाम दुबै कमाउन सकिन्छ भन्ने प्रेरणा यिनीबाट पाउन सकिन्छ ।

**६. राम शाह :**



**परिचय :** राम शाह मध्यकालमा गोरखाका राजा थिए । उनले जनतालाई राम्रो न्याय दिने व्यवस्था मिलाए । समाज सुधारका काम गरे । उनको कार्यबाट 'न्याय नपाए गोरखा जानू' भन्ने उक्ति प्रचलित भयो ।

**योगदान :** उनकै पालाबाट ढक, तराजु, माना, पाथीको चलन चल्यो । ऋणमा ब्याजको सीमा तोके । कुलो र सिँचाइका नियम बनाए ।

**प्रेरणा :** राष्ट्रप्रमुख भएपछि जनतालाई राम्रो न्याय दिनुपर्ने रहेछ । राम्रो काम गरेमा जनताबाट प्रशंसा पाउन सकिने रहेछ ।



**७. अमरसिंह थापा :**

**परिचय :** अमरसिंह थापा पराक्रमी वीर योद्धा थिए । उनले नेपालको सिमाना कुमाउ गढवाल हुँदै पश्चिममाकाँगडासम्म विस्तार गरे । नेपाल अङ्ग्रेज युद्धमा उनी पश्चिम नेपालको सुरक्षाका लागि खटिएका थिए । उनलाई जिउँदो बाघ पनि भनिन्छ ।

**योगदान :** उनले पश्चिममा जुम्ला , डोटी, कुमाउँ, गढवाल, देहरादून, श्रीनगर र काँगडालाई नेपालमा एकीकरण गरी सिमाना विस्तार गरे । जितेका राज्यहरूको संरक्षण गरे । अङग्रेजहरूको कुनै प्रकारको प्रलोभनमा परेनन् ।

**प्रेरणा :** लोभलालचमा पर्नहुँदैन । राष्ट्रहित विपरीत कार्य गर्नुहुँदैन । विश्वासघात गर्नुहुँदैन ।

**८. पृथ्वीनाराया शाह**




**परिचय :** पृथ्वी नारायण शाहलाई राष्ट्र निर्माता पनि भनिन्छ । बाइसी , चौबिसे, मल्ल र सेन जस्ता टुक्रे राज्यहरूलाई गाभेर उनले नेपालको एकीकरण गरे । उनले नेपालको सिमाना पूर्वमा टिस्टा नदी र पश्चिममा सतलज नदीसम्म विस्तार गरे ।

**योगदान :** उनले देशको सुरक्षा, विदेश नीति, आर्थिक र सामाजिक सुधारका लागि दिव्योपदेश दिए । उनले योजना बनाएर काम गनुपर्ने र घुस लिनदिन नहुने कुरा बताए । नेपाल राज्यको सिमाना बढाए ।

**प्रेरणा :** देशलाई एक ढिक्का बनाउनुपर्छ । शासन चलाउने मानिस दूरदर्शी हुनुपर्छ ।

## ९. भानुभक्त आचार्य



**परिचय :** भानुभक्तको जन्म वि.सं. १८७१ सालमा तनहुँको चुँदीरम्घामा भएको थियो । उनले नेपाली भाषामा रामायण लेखे । उनी नेपालका आदिकवि हुन् ।

**योगदान :** उनले सर्वप्रथम नेपाली भाषामा रामायण लेखे । नेपाली भाषाको विकास र विस्तार गरे ।

**प्रेरणा :** भाषा र साहित्यको माधयमबाट पनि देशमा एकता कायम गर्न सकिन्छ ।

**यी कुरा याद गरौं :**

- राष्ट्रिय विभूति हुने व्यक्तिमा निजी स्वार्थ हुँदैन ।
- आफ्नो योगदानले देशलाई विश्वमा चिनाउने काम गरेका हुन्छन् ।
- समाजलाई परिवर्तन गर्न र सुधार गर्न योगदान गरेका हुन्छन् ।
- आफू आदर्श बनेर अरूलाई पनि त्यस्तै बन्न प्रेरित गरेका हुन्छन् ।
- आफ्नो देशलाई केही असल कुरा दिएका हुन्छन् ।
- आफ्नो प्रतिभा, क्षमता र बहादुरीको उपयोग गरी समाज वा राष्ट्रलाई अगाडि बढाउन मद्दत गरेका हुन्छन् ।
- उनीहरू राष्ट्रका मुख्य नायक हुन् ।

**क्रियाकलाप १ : तल दिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. कस्ता व्यक्तिहरू राष्ट्रिय विभूति हुन योग्य हुन्छन् ?

..................................................................

.................................................................

ख.अमरसिंह थापाबाट हामीले कस्तो प्रेरणा  पाउँन सक्छौं ?

...........................................................................

.........................................................................

ग.पृथ्वीनाराया शाह राष्ट्रिय विभूति हुन  उनको कस्तो योगदान भयो ?

................................................................................

.....................................................................................

**क्रियाकलाप २ : जोडा मिलाउनुहोस्**

| ।राष्ट्रिय विभूतिहरू | उनीहरूको योगदान |
|---|---|
| १. गौतम बुद्ध | क. बाँडीचुँडी खाऊँ । झगडा नगरौँ भन्ने कुरामा जोड दिए |
| २. अंशुवर्मा | ख. ढक, तराजु, माना, पाथीको चलन चलाए |
| ३. सीता | ग. दिव्योपदेश र घुस लिनदिन नहुने कुरा बताए |
| ४. जनक | घ. शान्तिका अग्रदूत र  पाँच उपदेश दिए |
| ५. अरनिको | ङ. शत्रुको कुनै प्रकारको प्रलोभनमा नपरी देशको रक्षा गरे |
| ६. रामशाह | च. उनको शासनकाललाई स्वर्ण युग बनाए |
| ७. अमरसिंह थापा | छ. सर्वपथम नेपाली भाषामा रामायण लेखे |
| ८. पृथ्वीनाराया शाह | ज. आदर्श, सरल र चरित्रवान्को नमुना बनेको |
| ९. भानुभक्त आचार्य | झ.विश्वमा नेपाली कलाको प्रचार |



## अन्तरक्रियात्मक क्रियाकलाप

**क्रियाकलाप ३ समूहकार्य :**

**तपाईंको समुदायमा पनि राष्ट्रिय विभूतिहरूको जस्तै समुदायलाई हित हुने काम गरेका व्यक्तिहरू हुन सक्छन् । तपाईंका ३ साथीहरूको समूह बनाईं आफ्नो समुदायका कुनै २ जना व्यक्तिहरू पहिचान गरी उनीहरूको परिचय, उनीहरूलेले गरेको राम्रो काम र त्यस कामबाट हामीले कस्तो प्रेरणा पाएको छौँ, लेखेर तयार गर्नुहोस् । यसकार्यका लागि तपाईंहरूले समुदायका व्यक्तिहरूसँग सोधखोज गर्न सक्नुहुन्छ ।**

# उत्तरकुञ्जिका

**पाठ ३ सिकाइपश्चात्को परीक्षणका उत्तरहरू**

**क्रियाकलाप १ तल दिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

**उत्तर**

क. कस्ता व्यक्तिहरू राष्ट्रिय विभूति हुन योग्य हुन्छन् ?

आफ्नोहित भन्दा राष्ट्रहितलाई ध्यान दिएर काम गर्ने र विश्वमा आफ्नो राष्टको नाम राख्ने वा चिनाउने व्यक्ति योग्य हुन्छन् ।

ख.अमरसिंह थापाबाट हामीले कस्तो प्रेरणा पाउँन सक्छौं ?

शत्रुको लोभ लालचमा नपर्ने र राष्ट्रहित विपरीत कार्य गर्नु नहुँने जस्ता प्रेरणा पाउन सक्छौं ।

ग.पृथ्वीनारायण शाह राष्ट्रिय विभूति हुन् उनको कस्तो योगदान भयो ?

नेपालको एकीकरण गरे । नेपाल राज्यको सिमाना बढाए । देशको सुरक्षा, विदेश नीति, आर्थिक र सामाजिक सुधारका लागि दिव्योपदेश दिए । घुस लिनदिन नहुने कुरा बताए ।

**क्रियाकलाप २ जोडा मिलाउनुहोस् :उत्तर**

| | |
|---|---|
| १. गौतम बुद्ध | घ |
| २. अंशुवर्मा | च |
| ३. सीता | ज |
| ४. जनक | क |
| ५. अरनिको | झ |
| ६. रामशाह | ख |
| ७. अमरसिंह थापा | ङ |
| ८. पृथ्वीनाराया शाह | ग |
| ९. भानुभक्त आचार्य | छ |

**क्रियाकलाप ३ समूह कार्य : उत्तर**

समुदायमा योगदान गर्ने व्यक्तिहरूको परिचय, उनीहरूलेले गरेको राम्रो काम र त्यस कामबाट हामीले कस्तो प्रेरणा पाएका छौं, लेखेर तयार गर्नुहोस् । यसकार्यका लागि तपाईंहरूले समुदायका व्यक्तिहरूसँग सोधखोज गर्न सक्नुहुन्छ । तलदिएको तालिकाअनुसार कार्य गर्नुहोस् ।

| व्यक्तिहरूको नाम | छोटो परिचय | गरेका राम्रो कामहरू | पाएका प्रेरणाहरू |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

पाठ
४

# हाम्रा राष्ट्रिय विभुतिहरू (खण्ड ख)



यो पाठ अघिल्लो पाठको निरन्तरता हो । यो पाठ अध्ययन गर्नअघि तपाईंलाई यो पाठमा केके कुरा जानकारी छ, हेरौँ है त । त्यसका लागि तपाइँले निम्न प्रश्नहरूको जवाफदिनु पर्ने छ वा क्रियाकलाप गर्नुपर्ने छ ।

**अब पाठ सुरु गरौँ :**

### १०. भीमसेन थापा



**परिचय :** भिमसेन थापा नेपालको पहिलो प्रधानमन्त्री( मुख्तियार) हुन् । उनले सैनिक तथा प्रसासनिक सुधारका काम गरे । नेपालको एकीकरणमा सहयोग पुऱ्याई देशको सिमाना बढाए ।

**योगदान :** उनले नेपाली सेनालाई तालिम दिलाए । कमारा कमारी राख्ने व्यवस्था हटाए । नेपालमा हुलाकको चलन चलाए । राहदानी ( पासपोर्ट) वितरणको सुरुवात गरे ।

**प्रेरणा :** उनीबाट शासकहरूमा नैतिकता, आँट, सहास र धैर्य जस्ता गुण हुनुपर्ने प्रेरणा लिन सकिन्छ ।



## ११. बलभद्र कुँवर

**परिचय :** बलभद्र कुँवरको जन्म  काभ्रेपलाञ्चोक जिल्लाको पाँचखालमा वि.सं. १८४५ माघमा भएको थियो । उनी नेपाली सेनाका कप्तान थिए । उनले देशको रक्षाका लागि वीरतापूर्वक अङ्ग्रेजसँग लडेका थिए ।

**योगदान :** नालापानी युद्धमा भोकै तिर्खै वीरतापूर्वक अङ्ग्रेज विरुद्ध लडाइँको नेतृत्व गरे ।  उनी र उनका सेनाबाट अङ्ग्रेज सेनापतिको समेत मृत्यु भयो । उनले देशको सीमा रक्षाका लागि बहादुरी देखाए ।

**प्रेरणा :** देशको रक्षाका लागि पराईहरूको प्रलोभन, लालच, डर र धम्कीको कुनै मतलब गर्नु हुँदैन भन्ने प्रेरणा प्राप्त भएको छ ।

## १२. श्री ५ त्रिभुवन



**परिचय :**  राजा त्रिभुवनले १०४ वर्षे राणा शासनबाट नेपाली जनतालाई मुक्ति दिलाए । उनी प्रजातन्त्रमा विश्वास गर्थे । राणाको विरोधमा आफ्नो राजगद्दीको पर्वाह नगरी भारत गएर बसे ।

**योगदान :** उनले दिल्लीमा राणाहरूसँग सम्झौता गरी प्रजातन्त्र स्थापनामा सहयोग पुऱ्याए । २००७ सालको प्रजातान्त्रिक आन्दोलनलाई सफल बनाउन यो गदान गरे ।

**प्रेरणा :** राजा  जनताको साथमा हुनुपर्ने । जनताको स्वतन्त्रताका लागि सुख सुविधा त्याग गर्नुपर्ने । देशको समस्या  समाधान गर्नुपर्ने ।



## १३. मोतीराम भट्ट

**परिचय :** मोतीराम भट्टको जन्म वि.सं १९२३ सालमा काठमाडौँको भोसीको टोलमा भएको थियो । उनले भानुभक्तले लेखेको रामायण प्रकाशन गरी प्रचार गरे ।

**योगदान :** उनले २५ ओटा  जति कविता  र जीवन चरित्र लेख्ने र सम्पादन गर्नेकाम गरे ।

आदिकवि भानुभक्तलाई नेपाली माझ चिनाउने काम गरे । नेपाली साहित्यको विकासमा थप मद्दत गरे ।

**प्रेरणा :** राम्रो काम गर्न सकेमा नाम कमाउन सकिन्छ । यसले आफू र अरूलाई पनि राम्रो हुन्छ ।



## १४. शङ्खधर शाख्वा

**परिचय :** सङ्खधर शाख्वा समाजसेवी र परोपकारी व्यापारी थिए। उनले वि.सं. ९३६ उपत्यकाभित्रका जनताहरूको ऋण आफ्नो सम्पत्तिबाट तिरिदिएर ठुलो गुन लगाएका थिए।

**योगदान :** उनले नेपाल उपत्यकामा बसोबास गर्ने मानिसहरूको ऋण तिरिदिए। जनतालाई ऋणबाट मुक्त गरिदिए। सामाजिक पहिचान र संस्कृति संरक्षणका लागि नेपाल सम्वत् स्थापना गरे।

**प्रेरणा :** समुदायका मानिसहरूलाई सकेको सहयोग गर्नुपर्ने। पेसा, व्यापार र व्यवसायबाट आर्जित आयलाई समाज सुधारका लागि पनि लगानी गर्नुपर्ने।

## १५. पासाङ ल्हामु शेर्पा

**परिचय :** पासाङ ल्हामु शेर्पा सगरमाथा आरोहण गर्ने पहिलो नेपाली महिला हुन्। आरोहण गरी फर्कने क्रममा वि.सं. २०५० साल वैसाख १० गते हिउँपहिरोमा परी उनको मृत्यु भएको थियो। उनलाई साहसी नेपाली महिला मानिन्छ।

**योगदान :** उनले नेपाली महिलामा आँट र सहासको भावना जगाइन्। सबै नेपाली महिलाको प्रतीक वा चिनारीको माध्यम भइन्।

**प्रेरणा :** सहास र आँट महिला र पुरुषहरूमा उस्तै र उत्तिकै हुन्छ भन्ने प्रेरणा र हौसला दिइन्।






## १६. महागुरु फाल्गुनन्द

**परिचय :** फाल्गुनन्द लिङ्देन किरात धर्मका धार्मिक गुरु र समाज सुधारक थिए। उनले समाज सुधारका लागि १० बुँदे नीति ल्याए। उनले अहिंसा र धार्मिक भावनामा जोड दिए। मदिरा सेवन र पशुबलीमा रोक लागाई समाजलाई कम खर्चिलो बनाउनु पर्ने कुरामा जोड दिए। पछि उनलाई महागुरुको नामाकरण गरियो।

**योगदान :** उनले समाज सुधारका लागि धेरै उपयोगी उपदेश दिएका छन्। अहिंसा र शान्तिका लागि समाजलाई अघि बढाउन चेतना फैलाउने कोशिस गरे।

**प्रेरणा :** झुटो नबोल्न, हत्याहिंसा नगर्न, माता पिता र गुरुको सम्मान गर्न, धुम्रपान र मद्यपान नगर्न साथै रिस र अहङ्कार त्याग्न समेत सबैलाई प्रेरित गरे।



### १७. भक्ति थापा

**परिचय :** भक्ति थापाको जन्म लमजुङमा भएको थियो । उनी नेपाली फौजका सरदार भई एकीकरण अभियानमा लागेका थिए । देउथलमा अङ्ग्रेजसँग लड्दालड्दै १९७२ वैसाख ६ गते ७३ वर्षको उमेरमा उनको मृत्यु भयो । अङ्ग्रेज सेनाले सहासी सैनिकका रूपमा सम्मान गरी दोसल्ला ओडाएका थिए ।

**योगदान :** नेपाल एकीकरण अभियानमा संलग्न भएका थिए । देशको रक्षा गर्न देउथलको किल्ला सम्हालेका थिए ।

**प्रेरणा :** काम गर्न उमेरले छेक्दैन । असल काम गर्नेलाई शत्रुहरूले पनि सम्मान गर्छन् ।

### १८. जय पृथ्वीबहादुर सिंह



**परिचय :** जय पृथ्वीबहादुर सिंह बझाङ्गी राजा थिए । उनले १९५८ सालमा गोरखापत्र प्रकाशनमा ल्याउनुभयो । उहाँले लेखेको अक्षराङ्क शिक्षा नामक पुस्तक नेपाली भाषाको पहिलो पाठ्यपुस्तक मानिन्छ । उहाँले प्राकृतव्याकरण नामको अर्को पुस्तक पनि लेखे । वि.सं १९९७ असोज १ गते उहाँको निधन भएको थियो ।

**योगदान :** नेपाली भाषाको पहिलो पाठ्यपुस्तक लेखेर शिक्षा विकासमा सहयोग पुऱ्याएको । व्याकरणको पुस्तक लेखेर भाषाको विकासमा योगदान गरेका थिए ।

**प्रेरणा :** शासकहरूले उनीहरूमा पनि क्षमता, लगनशीलता, सकारात्मक भाव र चाहना भएमा जनताको कल्याण गर्न सक्छन् । ठुलो पदमा रहे पनि शैक्षिक वा प्राज्ञिक कार्य गर्ने समय निकाल्न सकिने रहेछ ।

### निचोड : याद गरौँ

- शासकहरूमा नैतिकता, आँट, सहास र धैर्य जस्ता गुण हुनुपर्छ ।
- शासकहरू जनताको साथमा भए जनताले अरूलाई जस्तै उनीहरूलाई पनि उच्च सम्मान गर्छन् ।
- धन कमाउनभन्दा नाम कमाउन कठिन छ । राम्रो काम गर्न सकेमा नाम कमाउन सकिन्छ ।
- हामीले पेसा, व्यापार र व्यवसायबाट आर्जित आयलाई समाज सुधारका लागि पनि लगानी गर्नसक्नुपर्छ ।
- नेपाली महिलामा आँट र साहसको भावना विश्वका कुनै देशका महिला भन्दा कमी छैन ।
- सबैको मान्य हुन रिस र अहङ्कार त्याग्न सक्नुपर्छ ।
- असल काम गर्नेलाई शत्रुहरूले पनि सम्मान गर्छन् ।
- क्षमता, लगनशीलता, सकारात्मक भाव र चाहना भएमा जनताको कल्याण गर्न सकिन्छ ।
- देशको रक्षाका लागि पराईहरूको प्रलोभन, लालच, डर र धम्कीको कुनै मतलब गर्नुहुँदैन ।

**क्रियाकलाप १ तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।**

क. भीमसेन थापा राष्ट्रिय विभूति हुन लायक कसरी भए ? कारण दिनुहोस् ।

..........................................................................

..............................................................................

...............................................................................

ख.राष्ट्रिय विभूतिहरूबाट भएका कुनै पाँच योगदानका क्षेत्रहरू प्राचीन गर्नुहोस् ।

............................................................................

.............................................................................

....................................................................

.......................................................................

ग. माथि दिएको फोटाहरूमा यस पाठमा दिएका ९ जना राष्ट्रिय विभूतिहरूको फोटो पहिचान गरी क्रमशः पेन्सिलले चिनो लगाउनु होस् र उनीहरूको नाम पनि लेख्दै जानुहोस् ।

.....................................................

........................................................

घ. राष्ट्रिय विभूतिहरू मध्ये तपाईंलाई ककसको योगदान महत्त्वूर्ण र राम्रो लाग्यो कुनै पाँचजनाको नामसहितको परिचय र उनीहरूको योगदान उल्लेख गर्नुहोस् ।

......................................................

..................................................

................................................

.......................................................

............................................................

ङ. राष्ट्रिय विभूति बन्नका लागि हुनुपर्ने कुनै तीनओटा आधारहरू लेख्नुहोस् ।

........................................................

...........................................................

...............................................................

**क्रियाकलाप २ : सूचना प्रविधिमा आधारित कार्यकलाप**

दिएका १८ जना राष्ट्रिय विभूतिहरू मध्ये कुनै तीन जनाको बारेमा इन्टरनेटको प्रयोग गरी गुगल सर्च/विकिपिडिया/युट्युबबाट अथवा कुनै पुस्तक वा पत्रिकाबाट खोजी गरी थप विस्तृत विवरण तयार गरी अभिभावक वा साथीसँगीहरूलाई सुनाउनुहोस् ।

**क्रियाकलाप ३ : सिर्जनात्मक कार्य**

सबै राष्ट्रिय विभूतिहरूको फोटो विभिन्न माध्यमबाट खोजेर कार्डबोर्ड वा सेतो फुलिस्केप कागज तयार गर्नुहोस् । सुरुको महलमा क्रमशः उनीहरूको फोटो टाँस्नुहोस् र फोटोको दायाँतिरको महलमा उनीहरूको नाम लेख्नुहोस् । त्यसैको दायाँतिरको महलमा एक वाक्यमा उनीहरूले हाम्रो राष्ट्रका लागि गरेको मुख्य योगदान लेख्नुहोस् ।

# उत्तरकुञ्जिका

**पाठ ४ सिकाइपश्चात्को परीक्षणका उत्तरहरू**

**क्रियाकलाप १ : प्रश्नहरूको छोटो उत्तर**

क. भीमसेन थापा राष्ट्रिय विभूति हुन लायक कसरी भए ? कारण दिनुहोस् ।

उनले सैनिक तथा प्रशासनिक सुधारका काम गरे । नेपालको एकीकरणमा सहयोग पुऱ्याई देशको सिमाना बढाए । नेपाली सेनालाई तालिम दिलाए । कमारा कमारी राख्ने व्यवस्था हटाए । नेपालमा हुलाकको चलन चलाए । राहदानी ( पासपोर्ट) वितरणको सुरुवात गरे, तसर्थ लायक भए ।

ख. माथिको पाठबाट राष्ट्रिय विभूतिहरूबाट भएका कुनै पाँच योगदानका क्षेत्रहरू :

१ शत्रुबाट हुने आक्रमणबाट देशको रक्षा

२. शिक्षको विकास गरी चेतना बढउने कार्य

३.समाज सुधारका लागि चेतना फैलाउन

४. अहिंसा र शान्तिका लागि मार्गदर्शन

५. निर्धन गरिबहरूलाई सहयोग

६. नेपाली साहित्यको विकास आदि ।

ग. माथि दिएको फोटाहरूमा ९ जना राष्ट्रिय विभूतिहरूको पहिचान गरी क्रमशः पेन्सिलले चिनो लगाउने र उनीहरूको नाम पनि लेख्दै जाने । पहिचानमा कठिनाई भएमा अभिभावक, साथीसङ्गी र नजिकका शिक्षक वा अन्य स्रोतबाट पहिचान गरी कार्य गर्ने ।

घ. राष्ट्रिय विभूतिहरू मध्ये तपाईंलाई ककस्को योगदान महत्त्वूर्ण र राम्रो लाग्यो पाँचजनाको नामसहितको परिचय र उनीहरूको योगदान उल्लेख गर्ने कार्य तपाईंकै छनोटमा निर्भर हुन्छ । तपाईंले उनीहरूबारे अझ विस्तृत जानकारी अन्य स्रोतहरूबाट पनि लिसक्नुहुन्छ ।

ङ.राष्ट्रिय विभूति बन्नका लागि चाहिने कुनै तीनओटा आधारहरू :


व्यक्तिगत र पारिवारिक स्वार्थ नभएको, मन वचन र कर्मले राष्ट्रहितका लागि काम गरेको, विश्वमा आफ्नो देशको पहिचान दिन सकेको आदि यस्तै मिल्ने आधारहरू ।

**क्रियाकलाप २ : सूचना प्रविधिमा आधारित कार्यकलापको उत्तर**

दिएका १८ जना राष्ट्रिय विभूतिहरूमध्ये कुनै तीन जनाको बारेमा इन्टरनेटको प्रयोग गरी गुगल सर्च / विकिपि( डिया/ युट्युबबाट अथवा कुनै पुस्तक वा पत्रिकाबाट खोजी गरी थप विस्तृत विवरण तयार गरी अभिभावक वा साथीसङ्गीहरूलाई सुनाउने कार्य सम्पन्न गर्न अभिभावक तथा साथीसँगीहरूको सहयोग लिन सक्नुहुन्छ ।

**क्रियाकलाप ३ : सिर्जनात्मक कार्यको उत्तर**

**सबै राष्ट्रिय विभूतिहरूको फोटो विभिन्न माध्यमबाट खोजेर कार्डबोर्ड वा सेतो फुलिस्केप कागजमा टाँस्नुहोस् र फोटोको मुनी उनीहरूको नाम लेखी एक वाक्यमा उनीहरूले हाम्रो राष्ट्रका लागि गरेको मुख्य योगदान समेत लेख्नुहोस् । जस्तैः**

| फोटो | नाम | मुख्य योगदान |
|---|---|---|
|  | भिमसेन थापा | नेपालमा कमाराकमारी राख्ने व्य( वस्था हटाएका थिए । |
| | | |

# स्वमूल्याङ्कन

**अहिलेसम्म तपाईँले यो मोडुलका पाठहरूबाट केके सिक्नुभयो, आउनुहोस् विचार गरौँ ।**
**आफूले आफैँलाई जाँचौँ वा मूल्याङ्कन गरौँ है त ।**
**क. तलका प्रश्नहरूको उत्तर दिने प्रयास फेरि गरौँ है त**

१ .स्रोत नक्सा तयार गर्दा के फाइदा हुन्छ ?

..............................................................

२. वडाको समाजिक वा स्रोत नक्सामा केके कुरा देखाउन सकिन्छ ?

...............................................................................

३. स्रोत नक्सामा समुदायमा भएका सम्पदा, तिनीहरूको अवस्था, समस्या र समाधानका उपायहरू कसरी पहि( चान गर्न सकिन्छ ?

................................................................................

४.आफ्नो स्थानीय तहमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिहरूको सूची निर्माणमा ककसको सहयोग चाहिन्छ ?

............................................................................

५.स्थानीय तहमा विभिन्न व्यक्तिहरूबाट भएका योगदानहरू र तिनीहरूको प्रभावले समाजमा कस्तो लाभ पुगेको हुन्छ ?

...................................................................................

६.राट्रिय विभूतिहरू किन घोषणा गरिएको होला ?

................................................................................

७. उनीहरूको योगदानको लाभ ककसलाई हुन्छ ?

......................................................................

८. उनीहरूको कार्यबाट हुने प्रेरणाले  समाज तथा राष्ट्रमा कस्तो परिवर्तन हुन्छ ?

..........................................................................................

**ख. तल दिएका वाक्यहरू ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस्**

१. स्रोत नक्सा वडा वा समुदायको अनुहार हेर्ने ऐना हो ।

२. स्रोत नक्साले विकासका कार्य भन्दा पनि वडाको क्षेत्रफल देखाउने कुरामा जोड दिन्छ ।

३. स्रोत नक्सा बनाउन जिल्लाबाहिरका विज्ञलाई जिम्मा दिए हुन्छ ।

४. विकासका कार्य थाल्नुअघि स्रोत नक्सा आवश्यक हुन्छ ।

५. स्थानीय तहमा पनि समाज विकासका लागि उल्लेखनीय योगदान गर्ने व्यक्तिहरू हुन्छन् ।

६. स्थानीय तहमा समाज विकासका लागि उल्लेखनीय योगदान गर्ने व्यक्तिहरूको सूची आवश्यक छैन ।

७. विशेष योगदान गर्ने व्यक्तिहरूले सामजलाई भन्दा पनि आफ्नोहितलाई बढी हेरेका हुन्छन् ।

८. हामी सबैले राष्ट्रिय विभूतिहरूबाट प्रेरणा लिनुपर्छ ।

९. राष्ट्रिय विभूतिहरूले आफ्नो देशलाई विश्वमा चिनाएका हुन्छन् ।

१०. हालसम्म जम्मा १५ जना राष्ट्रिय विभूतिहरू छन् ।

**ग. तलको बाकसबाट उपयुक्त शव्द वा विषयवस्तु छनोट गरी मिल्ने खाली ठाउँमा भर्नुहोस् ।**

१. ल्होसार पर्व र पुरानो पाटीपौवा......... र ...........सम्पदाका उदाहरण हुन् ।

२. वन जङ्गल र पञ्चैबाजा ...........र........... सम्पदामा पर्दछन् ।

३. ..............वडा वा समुदायको विकासको आधार हो ।

४. स्रोत नक्सा निर्माणको अन्तिम चरण..........वा......... हो ।

५. स्थानीय समाजसेवीहरूको पनि........ निर्माण गर्नुपर्छ ।

६. स्थानीय तहका समाजसेवीहरूलाई ...........वा .........ले सम्मान गर्नुपर्छ ।

७. हाम्रो समाज सुधारमा स्थानीय समाजसेवीहरूको महत्त्वपूर्ण........... हुन्छ ।

८.राष्ट्रिय विभूतिहरूको कार्यले हामीलाई पनि राम्रो कार्य गर्न...........गरेको हुन्छ ।

९.राष्ट्रिय विभूतिहरूले आफ्नोभन्दा समाज वा राष्ट्रको स्वार्थलाई ........ दिएका हुन्छन् ।

| |
|---|
| महत्त्व, प्रेरित, समाधान वा विकास कार्य, सूची, स्थानीय तह वा पालिका, सांस्कृतिक र ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक, स्रोत नक्सा |

## स्वमूल्याङ्कन उत्तरकुञ्जिका

**तपाईंले स्व–मूल्याङ्कन गर्दा आफूलाई कहाँ पाउनुभयो ? पक्कै पनि राम्रो गर्नुभयो, त्यसका लागि हार्दिक बधाई छ । केही कमजोरी भए पनि कुनै चिन्ता नलिनुहोस्, यो मोडुल पुनः एकपटक हेर्नुहोस् । आफूले आफैँलाई गरेको मूल्याङ्कनको पनि उत्तर तल दिइएको छ । एक पटक हेर्नुहोस् त ।**

**क. तलका प्रश्नहरूको उत्तर दिने प्रयास फेरि गरौँ है त ।**

१. स्रोत नक्सा तयार गर्दा के फाइदा हुन्छ ?

उत्तर : कुन स्थानमा के स्रोत छ, कस्तो अवस्थामा छ, समस्या के छ, समाधान के हुन्छ, कहाँ के विकास आवश्यक छ आदि कुराको जानकारी हुने भएकाले फाइदा हुन्छ ।

२. वडाको समाजिक वा स्रोत नक्सामा केके कुरा देखाउन सकिन्छ ?

उत्तर : धेरै कुरा देखाउन सकिन्छ जस्तै : प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक स्रोतसाधन वा सम्पदा देखाउन सकिन्छ । यसका साथै गाउँ, टोल, स्कुल, वडाकार्यालय, सरकारी र गैह्रसरकारी भवनहरू, उद्यो गधन्दा, बाटोघाटो सबै देखाउन सकिन्छ ।

३. स्रोत नक्सामा समुदायमा भएका सम्पदा, तिनीहरूको अवस्था, समस्या र समाधानका उपायहरू कसरी पहिचान गर्न सकिन्छ ?

उत्तर : समुदायका जान्ने बुझ्नेहरूलाई सोधेर, स्थलगत अवलोकन गरेर, पुराना रेकर्डहरू हेरेर, छलफल विचार विमर्श गरेर पहिचान गर्न सकिन्छ ।

४. आफ्नो स्थानीय तहमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिहरूको सूची निर्माणमा ककसको सहयोग चाहिन्छ ?

उत्तर: समुदायका जान्ने बुझ्ने व्यक्तिहरू, विद्यालयका शिक्षकहरू, राजनीतिक व्यक्तिहरू, समाजसेवीहरू, पालिकाका पदाधिकारीहरू, जेष्ठनागरिकहरू, पुराना लिखित रेकर्डहरू आदिको सहयोग लिन सकिन्छ ।

५. स्थानीय तहमा विभिन्न व्यक्तिहरूबाट भएका योगदानहरू र तिनीहरूको प्रभावले समाजमा कस्तो लाभ पुगेको हुन्छ ?

उत्तर: समाजमा शिक्षा, स्वास्थ्य, खानेपानी, सिँचाइ व्यवस्था, विद्युत्, सञ्चार, विकृति विसङ्गति न्यूनीकरण, न्यायमा सुधार, शान्ति सुरक्षा कायम जस्ता कुराहरूले समाजलाई प्रगतितिर पुऱ्याउने भएकाले लाभ पुगेको हुन्छ ।

६. राट्रिय विभूतिहरू किन घोषणा गरिएको होला ?

उत्तर: उनीहरूको योगदानलाई सम्मान गर्न र उनीहरूबाट उत्प्रेरणा प्राप्त गर्न घोषणा गरिन्छ ।

७. उनीहरूको योगदानको लाभ ककसलाई हुन्छ ?

उत्तर : समाज र राष्ट्र, सम्पूर्ण जनता, राष्ट्रसेवकहरू, शिक्षक विद्यार्थीहरू, विश्व समुदायलगायत अन्य सबैलाई लाभ पुगेको हुन्छ ।

८. उनीहरूको कार्यबाट हुने प्रेरणाले समाज तथा राष्ट्रमा कस्तो परिवर्तन हुन्छ ?

उत्तर : सकारात्मक परिवर्तन हुन्छ । अन्धविश्वास हट्छ । चेतनाको स्तर बढ्छ । राष्ट्रप्रेम बढ्छ, रूढिवादी सो च र विसङ्गति हट्छन्, शिक्षाको स्तर बढ्छ । शिक्षा, स्वास्थ्य शान्ति सुरक्षाको स्तर बढ्छ । अनुशासन र नैतिकता, धैर्य र स्वावलम्बीपन बढ्छ । समाजसेवी भावना बढ्छ आदि ।

**ख. तल दिइएका वाक्यहरू ठिक भए कोष्ठमा ठिक र बेठिक भए बेठिक लेख्नुहोस्**

१. स्रोत नक्सा वडा वा समुदायको अनुहार हेर्ने ऐना हो । ( ठिक )
२. स्रोत नक्साले विकासका कार्य भन्दा पनि वडाको क्षेत्रफल देखाउने कुरामा जोड दिन्छ । ( बेठिक )
३. स्रोत नक्सा बनाउन जिल्लाबाहिरका विज्ञलाई जिम्मा दिए हुन्छ । (बेठिक )
४. विकासका कार्य थाल्नुअघि स्रोत नक्सा आवश्यक हुन्छ । ( ठिक )
५. स्थानीय तहमा पनि समाज विकासका लागि उल्लेखनीय योगदान गर्ने व्यक्तिहरू हुन्छन् । ( ठिक )
६. स्थानीय तहमा समाज विकासका लागि उल्लेखनीय योगदान गर्ने व्यक्तिहरूको सूची आवश्यक छैन । ( बेठिक )
७. विशेष योगदान गर्ने व्यक्तिहरूले सामजलाई भन्दा पनि आफ्नोहितलाई बढी हेरेका हुन्छन् । ( बेठिक )
८ .हामी सबैले राष्ट्रिय विभूतिहरूबाट प्रेरणा लिनुपर्छ । (ठिक)
९. राष्ट्रिय विभूतिहरूले आफ्नो देशलाई विश्वमा चिनाएका हुन्छन् । (ठिक )
१०. हालसम्म जम्मा १५ जना राष्ट्रिय विभूतिहरू छन् । (बेठिक)

**ग. तलको बाकसबाट उपयुक्त शव्द वा विषयवस्तु छनोट गरी मिल्ने खाली ठाउँमा भर्नुहोस् ।**

१. ल्होसार पर्व र पुरानो पाटीपौवा सांस्कृतिक र ऐतिहासिक सम्पदाका उदाहरण हुन् ।
२. वन जङ्गल र पञ्चैबाजा प्राकृतिक र सांस्कृतिक सम्पदामा पर्दछन् ।
३. स्रोत नक्सा वडा वा समुदायको विकासको आधार हो ।
४. स्रोत नक्सा निर्माणको अन्तिम चरण समाधान वा विकास कार्य हो ।
५. स्थानीय समाजसेवीहरूको पनि सूची निर्माण गर्नुपर्छ ।
६. स्थानीय तहका समाजसेवीहरूलाई स्थानीय तह वा पालिकाले सम्मान गर्नुपर्छ ।
७. हाम्रो समाज सुधारमा स्थानीय समाजसेवीहरूको महत्त्वपूर्ण योगदान रहेको हुन्छ ।
८. राष्ट्रिय विभूतिहरूको कार्यले हामीलाई पनि राम्रो कार्य गर्न प्रेरित गरेको हुन्छ ।
९. राष्ट्रिय विभूतिहरूले आफ्नोभन्दा समाज वा राष्ट्रको स्वार्थलाई महत्त्व दिएका हुन्छन् ।

| |
|---|
| महत्त्व, प्रेरित, समाधान वा विकास कार्य, सूची, स्थानीय तह वा पालिका, सांस्कृतिक र ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक, स्रोत नक्सा, योगदान |

**ख.तल दिएका मध्ये उपयुक्त विकल्प छनोट गर्नुहोस् बहुवैकल्पिक प्रश्नहरू**

१. क  २. घ  ३ ग  ४. अ.  ५.आ.  ६. आ.

**ग. तलका भनाइहरू ठिक लागेमा (√ ) चिह्न र बेठिक लागेमा (ह) चिह्न लगाउनु होस् ।**

क. ठिक  ख बेठिक  ग. ठिक  घ. बेठिक  ङ. ठिक  च. ठिक

छ. बेठिक  ज. ठिक  झ. ठिक  ञ. बेठिक

**घ.खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् ।**

क. व्यक्तिगत

ख. सकारात्मक

ग.भीमसेन थापा

घ. बलभद्र कुँवर

ङ. शङ्खधर शाख्वा

च. जय पृथ्वीबहादुर सिंह

छ. फाल्गुनन्द लिङ्देन

ज. श्री ५ त्रिभुवन

# सिकाईपूर्व परीक्षणका उत्तरहरू

तपाईँले यो पाठ अध्ययन गुर्नं भन्दा अगाडि विभन्न प्रकारका प्रश्नहरूको बारेमा छलफल गर्नुभयो र जवाफ दिने कोसिस पनि गर्नुभयो । तपाईंले धेरै मिलाउनुबभयो त्यसका लागि धेरै धेरै बधाई छ । कति मिलेनन् होला तर चिन्ता नलिनुहोस् । यो मेडुल तपाईंहरूकै लागि हो । यसबाट तपाईँलाई पक्कै सहयोग पुग्यो होला तथापि थप सहयोगका लागि तलका उत्तरहरूले निश्चय नै सहयोग गर्ने छन् ।

**क.प्रश्नहरूको सम्भावित उत्तरहरू**

**प्रश्न नं. १ उत्तर :** विकासका कार्यहरूलाई सन्तुलित रूपमा सञ्चालन गर्न र जनताहरूलाई सेवासुविधा नजिकबाट उपलब्ध गराउन

**प्रश्न नं. २ उत्तर :** कुन ठाउँमा कुनकुन सम्पदा छन्, तिनीहरूको अवस्था कस्तो छ, कुन ठाउँमा केके समस्या र आवश्यकता छन् भन्ने कुरा थाहा पाउनका लागि आवश्यक छ ।

**प्रश्न नं. ३ उत्तर :** स्थानीय बासिन्दालाई नै आफ्नो क्षेत्रका स्रोतसाधन, समस्या र समाधानका उपायहरू बारे राम्रो जानकारी हुने भएकाले ।

**प्रश्न नं. ४.उत्तर :** आफ्नै सम्पत्ति वा श्रमको लगानी गरी समाजको हितमा काम गर्ने व्यक्ति, निजी स्वार्थ वा लाभ छोडेर समाज सुधारको कार्य गर्ने व्यक्ति

**प्रश्न नं. ५. उत्तर :** शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र, यातायात क्षेत्र, धार्मिक क्षेत्र, परोपकारी कार्य, असाहाय, बालबालिका, वृद्धहरूको उत्थान, कुरीति निवारण तथा अन्य मानव कल्याणका कार्यहरू ।

**प्रश्न नं. ६. उत्तर :** अभिभावक तथा साथीहरूको सहयोगमा तयार गर्ने

**प्रश्न नं. ७** उनको पालामा राज्यमा राम्रो न्याय प्रणाली थियो, "न्याय नपाए गोरखा जानू" भन्ने भनाइ प्रचलित भयो ।

**प्रश्न नं. ८.** विश्वमा बुद्ध धर्मको प्रचारप्रसार, अहिंसा र मेलमिलापको भावना र प्रचलित पाँच संदेशहरू

**प्रश्न नं.९.** भानुभक्तलाई नेपाली माझ चिनाउने काम गरे, नेपाली साहित्यको विकास गरे, त्यसै कारण राष्ट्रिय विभूति घोषणा गरियो ।

**प्रश्न नं.१०.** जय पृथ्वीबहादुर सिंह हुन् । नेपाली भाषाको पहिलो पाठ्यपुस्तक लेखेर शिक्षा विकासमा सहयोग पुऱ्याएको र व्याकरणको पुस्तक लेखेर भाषाको विकासमा योगदान गरेका कारण उनलाई राष्ट्रिय विभूति घोषण गरिएको थियो ।

## सिकाइ क्षेत्र : हाम्रो परिवेश र नागरिक चेतना
## मुल्याङ्नका आधार र श्रेणीहरू

**सक्षमता नं.२ ऐतिहासिक महत्त्वका स्थानीय सम्पदा एवम् संस्कृतिको संरक्षण र संवर्धनका साथै र ाष्ट्रिय विभुति र घटनाहरूले राष्ट्र निर्माणमा पुऱ्याएका योगदान ।**

| क्र.स. | सिकाइ उपलब्धि | मूल्याङ्कन आधार | श्रेणी |
|---|---|---|---|
| १. | छरछिमेकको सहभागितामा निर्मित सामाजिक तथा स्रोत नक्सामा किटान भएका ऐतिहासिक र सांस्कृतिक सम्पदा एवम् प्राकृतिक स्रोत-साधनको अवस्था र समस्या अभिव्यक्त गर्न | क.वडाको सामाजिक तथा स्रोत नक्सामा आफ्नो वडाका ऐतिहासिक र सांस्कृतिक सम्पदाको पहिचान गरेमा<br>ख.वडाको सामाजिक तथा स्रोत नक्सामा आफ्नो वडाको प्राकृतिक स्रोत-साधनको अवस्था पहिचान गरेमा<br>ग.वडाको सामाजिक तथा स्रोत नक्सामा किटान भएका ऐतिहासिक र सांस्कृतिक सम्पदा एवम् प्राकृतिक स्रोत-साधनको अवस्था र तिनको समस्या अभिव्यक्त गरेमा<br>घ.वडाको सामाजिक तथा स्रोत नक्सामा किटान भएका ऐतिहासिक र सांस्कृतिक सम्पदा एवम् प्राकृतिक स्रोत-साधनको अवस्था र तिनको समस्या अभिव्यक्त गरी समाधानका उपाय सुझाएमा | १<br>२<br>३<br>४ |
| २. | स्थानीय तहमा उल्लेखनीय योगदान पुऱ्याएका ऐतिहासिक व्यक्तित्व र घटनाहरू उल्लेख गर्न | क.आफ्नो स्थानीय तहमा उल्लेखनीय योगदान पुऱ्याएका ऐतिहासिक व्यक्तित्वको नामको सूची बनाएमा<br>ख.आफ्नो स्थानीय तहमा उल्लेखनीय योगदान पुऱ्याएका ऐतिहासिक व्यक्तित्वको नामको सूची बनाई तिनको योगदान लेखेमा<br>ग.आफ्नो स्थानीय तहका उल्लेखनीय घटना र तिनको प्रभाव उल्लेख गरेमा<br>घ.स्थानीय तहमा उल्लेखनीय योगदान पुऱ्याएका ऐतिहासिक व्यक्तित्व र घटनाहरू उल्लेख गरी तिनको योगदान तथा प्रभाव उल्लेख गरेमा | १<br>२<br>३<br>४ |
| ३. | हाम्रा राष्ट्रिय विभूतिहरूले राष्ट्र निम( णिमा पुऱ्याएको योगदानको उल्लेख गर्न | क.हाम्रा राष्ट्रिय विभूतिहरूको सूची बनाएमा<br>ख.हाम्रा राष्ट्रिय विभूतिहरूको एक एक योगदान लेखेमा<br>ग.हाम्रा राष्ट्रिय विभूतिहरूले राष्ट्र निर्माणमा पुऱ्याएको एक एक योगदानको उल्लेख गरेमा<br>घ.हाम्रा राष्ट्रिय विभूतिहरूले राष्ट्र निर्माणमा पुऱ्याएको यो गदानबाट लिन सकिने प्रेरणा उल्लेख गरेमा | १<br>२<br>३<br>४ |

**श्रेणीको व्याख्याः**

१= न्युन उपलब्धि, २= मध्यम उपलब्धि, ३= उत्तम उपलब्धि, ४=अतिउत्तम उपलब्धि

तह

# १

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

हाम्रो परिवेश र नागरिक चेतना

## जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री